# सर्वोच्च अदालतबाट जारी विज्ञप्ती

नेपाल बार एशोसिएशनद्वारा मिति २०७८।०८।०२ मा सर्वोच्च अदालत परिसरमा आयोजित विरोध कार्यक्रमको क्रममा सिर्जना हुन गएको अप्रिय अवस्थाप्रति सर्वोच्च अदालत प्रशासन गहिरो दुःख व्यक्त गर्दछ। उक्त घटनामा केही विद्वान कानून व्यवसायीहरू घाइते हुनुभएको जानकारी प्राप्त भएको हुँदा उहाँहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ। त्यसप्रकारको अवस्था आउन नदिन अदालत प्रशासन सदैव गम्भीर तथा संवेदनशील रहेको र सम्बद्ध सबैबाट आवश्यक संयमता, सहयोग र समन्वय प्राप्त हुने विश्वाससमेत व्यक्त गर्दछ।

मिति : २०७८।०८।०३।०६

प्रशासन महाशाखा